# अभिभावक/हेरचाहकर्ताहरुका लागि शैक्षिक भ्रमणको बारेमा जानकारी
# Excursion information for parents/carers

प्रिय अभिभावक/हेरचाहकर्ता,

कक्षागत रूपमा गरिने कार्यहरूको पुरकको रूपमा तपाईंको बच्चाको कक्षाको लागि एउटा शैक्षिक भ्रमणको आयोजना गरिंदै छ। यस शैक्षिक भ्रमणको बिस्तृत विवरण तल दिइएको छ।

## Excursion details for completion by organising teacher
## शैक्षिक भ्रमणको विवरणहरू

| | | | |
|---|---|---|---|
| Place of excursion<br>शैक्षिक भ्रमणमा जाने स्थान | | Date/s of excursion<br>शैक्षिक भ्रमणको मिति/मितिहरू | |
| Place of departure<br>प्रस्थान गर्ने स्थान | | Time of departure<br>प्रस्थान गर्ने समय | |
| Place of return<br>फर्कने स्थान | | Time of return<br>फर्कने समय | |
| Cost of excursion<br>शैक्षिक भ्रमणको खर्च | | Payment due date<br>भुक्तानी गरिसक्नुपर्ने मिति | |

Excursion objectives
शैक्षिक भ्रमणको उद्देश्य

Transport details
यातायातको विवरण

Staff member with emergency care training
आकस्मिक उपचार तालिम प्राप्त कर्मचारी

Staff member with Cardio Pulmonary Resuscitation (CPR) training
कार्डियो पल्मोनरी रिसस्सीटेसन (CPR) प्रशिक्षण लिएको कर्मचारी

Other supervisory staff
अन्य सुपरिवेक्षक कर्मचारी

Teacher to tick what students need to bring
यो शैक्षिक भ्रमणमा आउने विद्यार्थीहरूले निम्न कुराहरू लिएर आउनु पर्नेछ:

- ☐ स्विमसुट, टावेल र प्लास्टिकको झोला
  Swimsuit, towel and plastic bag
- ☐ वाटरप्रुफ लुगा जस्तै: रेनकोट
  Waterproof clothing e.g. raincoat
- ☐ पोशाकको परिवर्तन
  Change of clothing
- ☐ न्यानो पोशाक
  Warm clothing
- ☐ सनह्याट र सनस्क्रिन
  Sunhat and sunscreen
- ☐ स्न्याक्स (snacks), खाजा र पेय पदार्थ घरबाट ल्याउनुहोस्
  Bring snacks, lunch and drink from home
- ☐ शैक्षिक भ्रमणमा खाजा किन्न सकिन्छ
  Lunch can be bought during the excursion
- ☐ खाजा खर्चलाई शैक्षिक भ्रमण खर्चमा समावेश गरिएको छ
  Cost of lunch is included in excursion cost
- ☐ पूर्ण स्कुलको पोशाक
  Full school uniform
- ☐ अन्य
  Other

यस शैक्षिक भ्रमणमा संलग्न अन्य गतिविधिहरु तल चिन्ह लगाइएका छन् र आवश्यक परेको खण्डमा अगाडिका पृष्ठहरूमा थप जानकारी प्रदान गरिएको छ।

Teacher to tick any other activities involved in this excursion

- ☐ अन्य गतिविधिहरू सामेल छैनन्
  No other activities
- ☐ हवाईयात्रा
  Travel by air
- ☐ यात्रा बीमा
  Travel insurance
- ☐ पौडी गतिविधि
  Swimming activity
- ☐ पानीमा गरिने गतिविधिहरू
  Water activitiy
- ☐ रात्रीबास संलग्न शैक्षिक भ्रमण
  Overnight excursion

## रात्री बास संलग्न शैक्षिक भ्रमण (Overnight excursion advice)

शैक्षिक भ्रमणमा राती पनि बस्नुपर्ने भए तल थप जानकारी उपलब्ध गराइन्छ।

Teacher to complete if relevant. Consider adding advice on the number of students and teachers who will be attending and if protective or special equipment will be required.

आवास बुक गरिएको स्थल (Where accommodation is booked)

| |
|---|
| |

थप जानकारी (Additional information)

| |
|---|
| |

## यात्रा बीमा सल्लाह (Travel insurance advice)

हवाईयात्रा सामेल शैक्षिक भ्रमणमा विद्यार्थीहरूको लागि यात्रा बीमाको व्यवस्था गर्न अभिभावक/हेरचाहकर्तालाई यस विभाग सुझाव दिन्छ।

## पौडी गतिविधि सल्लाह (Swimming activity advice)

पौडी खेल्ने गतिविधि समावेश गरिएको शैक्षिक भ्रमणहरूको लागि अभिभावक/हेरचाहकर्ताले आफ्नो बच्चाको पौडी खेल्न सक्ने क्षमताको बारे जानकारी दिएर 'स्विमिङ गतिविधि सल्लाह फारम' अँग्रेजी भाषामा पूरा गरी विद्यालयमा फर्काउनुपर्छ। यस फारमले गरिने विभिन्न प्रकारको पौडी गतिविधिहरू, ती कहाँ गरिन्छन् र ती गतिविधिहरूमा सहभागी हुन आवश्यक सहमतिको बारे जानकारी दिन्छ। विद्यालयले पानीमा सहायता को आवश्यकता पर्ने विद्यार्थीहरूलाई निम्न तैरिने उपकरणहरू उपलब्ध गराउनेछ।

यदि सम्बन्धित भएमा, तैरिने यन्त्रहरू उपलब्ध गराइने

Types of flotation devices to be provided by the school and how they will be used

| |
|---|
| |

## पानीमा गरिने गतिविधि सल्लाह (Water activity advice)

पानीमा गरिने गतिविधिहरू समावेश गरिएको शैक्षिक भ्रमणहरूको लागि अभिभावक/हेरचाहकर्ताले आफ्नो बच्चाको पौडी खेल्न सक्ने क्षमताको बारे जानकारी दिएर 'पानी गतिविधि सल्लाह फारम' अँग्रेजी भाषामा पूरा गरी विद्यालयमा फर्काउनुपर्छ। यो सावधानीको उपाय हो। पौडी खेल्ने कुनै पनि गतिविधिको उद्देश्य नभए तापनि विद्यार्थी संयोगवश पानीमा खस्न सक्छन्। यस फारमले गरिने विभिन्न प्रकारको पौडी गतिविधिहरू, ती कहाँ गरिन्छन् र ती गतिविधिहरूमा सहभागी हुन आवश्यक सहमतिको बारे जानकारी दिन्छ।

## गोपनीयता सल्लाह (Privacy advice)

यस फारममा मागिएका सूचना NSW शिक्षा विभागले सङ्कलन गरिरहेको छ। यी जानकारी हाल स्कूलमा भर्ना भएका र यस विद्यालयद्वारा वा यस विद्यालयको संयोजनमा सञ्चालित विद्यालयको शैक्षिक भ्रमण, खेलकुद गतिविधि वा अन्य शैक्षिक अथवा विद्यालयका गतिविधिहरूमा भाग लिन सक्ने तपाईंको बच्चाको बारेमा आवश्यक चिकित्सा जानकारी, आवश्यकता र अन्य स्वास्थ्य सेवा सम्बन्धित आवश्यकताहरूका बारे थाहा पाउने उद्देश्यका लागि संकलन गरिँदै छ।

यो सूचना स्कूलले योजना बनाउन, विद्यार्थीहरूलाई सहयोग गर्न र स्कूलका शैक्षिक भ्रमणहरू वा अन्य सम्बन्धित स्कूलका गतिविधिहरू सञ्चालन गर्दा जोखिम कम गर्न प्रयोग गरिनेछ।

यो जानकारी प्रदान गर्न सकिने अन्य व्यक्ति वा निकायहरूमा, यतिमै सिमित नहुने गरी, स्वयंसेवकहरू र बाह्य संगठनका सदस्यहरू समेत पर्दछन् जो विद्यालयसँग जोडिन्छन वा अन्यथा भ्रमण, खेलकुद वा अन्य विद्यालय गतिविधिको योजना वा वितरणमा संलग्न हुन्छन्; र शैक्षिक भ्रमण वा गतिविधिको दौरान वा त्यसको कारणले हुनसक्ने स्वास्थ्य उपचार वा अन्य सहायता प्रदान गर्न आह्वान गर्न सकिने व्यक्तिहरू हुन्छन्।

यो जानकारी उपलब्ध गराउनु तपाईंको स्वेच्छा हो, तर, यदि तपाईंले अनुरोध गरिएको सबै वा कुनै पनि जानकारी प्रदान गर्नुभएन भने तपाईंको बच्चाले यस शैक्षिक भ्रमणमा भाग लिन सक्दैन। यस्तो अवस्थामा, स्कूलले वैकल्पिक शैक्षिक अनुभव उपलब्ध गराउनेछ।

यस जानकारीको प्रावधानले विद्यालयलाई सुरक्षित शैक्षिक गतिविधिको योजना बनाउने कार्यमा धेरै सहयोग गर्नेछ। यसलाई सुरक्षित रूपमा भण्डारण गरिनेछ । यदि तपाईंसँग यो जानकारीको प्रावधानको बारेमा कुनै चिन्ता छ भने थप छलफल गर्न कृपया विद्यालयको प्रिन्सिपललाई सम्पर्क गर्नुहोस्।

तपाईंले तलको फोन नम्बरमा विद्यालयको कार्यालयमा सम्पर्क गरेर कुनै पनि बेला उपलब्ध गराउनु भएको व्यक्तिगत जानकारी सच्याउन सक्नुहुन्छ।

Teacher to complete the following information

School name ______________________________
विद्यालयको नाम

School phone number ______________________________
विद्यालयको फोन नम्बर

Name and signature of excursion coordinator ______________________________
शैक्षिक भ्रमण संयोजकको नाम र हस्ताक्षर

Name and signature of principal ______________________________
प्रिन्सिपलको नाम र हस्ताक्षर

Date ______________________________
मिति

## टेलिफोन दोभाषे सेवा

यदि तपाईंलाई थप जानकारीको आवश्यकता छ भने कृपया विद्यालयमा फोन गर्नुहोस्। यदि तपाईंलाई सोधपुछ गर्नको लागि दोभाषेको आवश्यकता छ भने कृपया 131 450 मा टेलिफोन दोभाषे सेवालाई फोन गर्नुहोस् र तपाईंको भाषाको अनुवादक को लागि आग्रह गर्नुहोस्। अपरेटरले स्कूललाई फोन गर्नेछन् र कुराकानीमा तपाईंलाई मद्दत गर्न लाइनमा एक जना अनुवादक उपलब्ध गराउनेछन्। तपाईंलाई यो सेवाको लागि कुनै शुल्क लगाइने छैन।